# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बाबियाचौर म्याग्दी
# गन्डकी प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकासित    मिति :- २०७६/९/९

**बिषय :** छात्रबृत्तिकोलागि निबेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस मंगला गाउँपालिको आ.व.२०७६।७७ को पारीत निति तथा कार्यक्रममा यस गाउँपालिका क्षेत्र भित्रका गरीव विपन्न जेहन्दार तथा पछाडि पारीएका/अति विपन्न परीवारका विद्यार्थीहरकोलागि शैक्षिक सामग्री उपलब्ध गराउन र प्राविधिक शिक्षा हासिल गर्न छात्रबृत्ति प्रदान गर्नका लागि आबस्यक ब्यबस्था मिलाइने छ भनि उल्लेख भएको र सो निती कार्यान्वियनको लागि चालु कार्यक्रम तर्फ छात्रबृत्ति बापत बजेट समेत विनियोजन भएकोले देशको जुनसुकै स्थानमा कक्षा १२ सम्मको प्राविधिक शिक्षा ( स्वास्थ्य, कृषि,भेटेरीनरी,इन्जीनियरीङ्ग,कम्प्युटर आदि) अध्ययन गर्ने यस गाउँपालिका निबासी गरीव विपन्न ,जेहन्दार विद्यार्थीहरुले छात्रबृत्ति प्राप्त गर्नकालागि निम्न लिखित काजगात सहित यो सूचना प्रकासन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निबेदन पेश गर्नुहुन सूचित गरीन्छ ।

१. स्थानिय बासिन्दा हो भनि खुलेको प्रमाणीत कागजात
२. प्राविधिक तर्फको शिक्षा अध्ययन गरेको भए अध्ययन गरेको संस्थामा भर्ना भएको र अध्ययन गरेको प्रमाण ।
३. विद्यालय वा अध्ययनरत संस्थाले दिएको हाजीरी प्रमाणित (चालु शैक्षिक सत्रको मंसीर महिना सम्म )
४. अध्ययन गर्दा लाग्ने अनुमानित खर्च
५. गरिव / विपन्न हो भनि सम्बन्धीत वडा कार्यालयबाट प्राप्त सिफारिस
६. हस्तलिखित निबेदन र अध्ययन गरेको भन्दा तल्लो कक्षा /तहको शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी ।

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत